# दिगो विकास लक्ष्यमा कार्यरत संस्था र संयन्त्र बारे

# जानकारी पुस्तिका



गैर सरकारी संस्था महासंघ नेपाल

नेपाल दिगो विकास मञ्च

# दिगो विकास लक्ष्यमा कार्यरत संस्था र संयन्त्र बारे

## जानकारी पुस्तिका


प्रकाशक

गैरसरकारी संस्था महासंघ नेपाल

नेपाल दिगो विकास मञ्च

**प्रकाशनः**
गैर सरकारी संस्था महासंघ नेपाल

**पहिलो संस्करण**
२०७९

**सर्वाधिकार**
गैर सरकारी संस्था महासंघ नेपाल, २०७९

**डिजाइन एण्ड लेआउट**
निर्मल गैरे

# प्रारम्भिक

## सन्दर्भ

संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुले सन् २०१५ मा १५ वर्षका लागि दिगो विकास लक्ष्य तय गरे । सहश्राब्दी विकास लक्ष्यका प्रगतिहरुको समीक्षा गर्दै विश्वलाई नै विकासका लागि मार्गदर्शन गर्न १७ वटा मुख्य लक्ष्य (Goal) र १६९ वटा परिमाणात्मक लक्ष्य (Indicator) हरु विश्वका सबै देशका लागि तय गरिए । कुनै पनि मुलुकले यी लक्ष्यहरु थप्न र सूचकहरु आफ्नो मुलुकको अवस्था वा परिस्थिति अनुरुप बनाउन सक्ने भए । यसको मुख्य नारा नै विश्वको रुपान्तरण (Transforming our world) रहेको छ । यी लक्ष्यहरु पाँचवटा मुख्य स्तम्भहरु मानव (People), पृथ्वी (Planet), समृद्धि (Prosperity), शान्ति (Peace) र साझेदारी (Partnership) मा आधारित रहेका छन् ।

दिगो विकास लक्ष्य प्राप्तिका लागि भएका कार्यहरुको जानकारी दिनका लागि गैसस महासंघ नेपालले विगत देखिनै अनुसन्धान, प्रतिवेदन र समीक्षा गर्दै आएको छ । नागरिक संगठनहरुको छाताको रुपमा नेपाल दिगो विकास मञ्चको सचिवालयको रुपमा समेत गैसस महासंघ नेपालले कार्य गरिरहेको छ । गैसस महासंघ नेपालले २०१७ र २०२० मा स्वैच्छिक राष्ट्रिय समीक्षा (Voluntary National Review) को तयारीको क्रममा नेपाल सरकारसँग साझेदारी गर्दै नागरिक संस्थाहरुको संलग्नता बढाउन विशेष भूमिका निर्वाह गरेको छ ।

नागरिक संस्थाहरु समेत दिगो विकास लक्ष्य हासिल गर्नका लागि महत्वपूर्ण साझेदार भएको हुँदा नागरिक समाज संस्थाहरुलाई दिगो विकास लक्ष्य सम्बन्धी विद्यमान संरचनाहरुको जानकारी दिन र समुदाय तहमा समेत क्रियाशील संस्थाहरुको पहुँच वृद्धि गराउनका लागि गैसस महासंघ नेपालले यो हाते पुस्तिका तयार गरेको छ । सम्बन्धित संस्थाहरुबारे विस्तृत जानकारी लिन र श्रोत सामग्रीको रुपमा सम्बन्धित संस्थाको वेवसाइट हरेक शिर्षकसँगै राखिएको छ । यस पुस्तिकाले नागरिक समाज संस्थाहरुलाई दिगो विकास एजेण्डा २०३० कार्यान्वयन गर्ने केही मुख्य संरचना तथा संस्थाहरुबारे जानकारी हुनेछ भन्ने अपेक्षा लिइएको छ ।

## हाते पुस्तिकाको उद्देश्य

यो पुस्तिका नेपाली भाषामा नेपालका समुदाय तहसम्म कार्यरत नागरिक समाज संस्थालाई लक्षित गरि तयार गरिएको छ। यसले दिगो विकास लक्ष्यहरुको कार्यान्वयनमा सामुदायिक संस्थाहरुको भूमिकाका बारेमा प्रष्टता ल्याउनेछ। साथै दिगो विकास लक्ष्य प्राप्तिका लागि कार्यरत संयुक्त राष्ट्र संघीय संरचना, अन्तर सरकारी संरचना, क्षेत्रीय र उपक्षेत्रीय संरचना, नेपालमा विद्यमान नीति तथा कार्यान्वयन संयन्त्र एवम् स्थानीय सरकारको संरचनागत भूमिकाका बारेमा प्रष्टता ल्याउने छ। यो हात पुस्तिका संस्थाहरुलाई दिगो विकास लक्ष्य हासिल गर्न आधारभूत सूचना उपलब्ध गराउनका लागि सहयोगी सामग्री हुनेछ।

## कृतज्ञता

सर्वप्रथम यस जानकारी पुस्तिकामा समाविष्ट विषयवस्तुको लेखन तथा संकलनका लागि विदुर सुवेदीलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यसै गरी पुस्तिकामा सहयोग गर्नुहुने नानीमाया थापा र यस प्रक्रियाको समग्र व्यवस्थापन र समन्वयका लागि हुम भण्डारीलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु। यसैगरी, प्रत्यक्ष र अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउनुहुने गैसस महासंघ नेपालका पदाधिकारी तथा सदस्यहरुप्रति कृतज्ञता व्यक्त गर्दछु। आंशिक रुपमा आर्थिक सहयोग उपलब्ध गराई सहयोग पुऱ्याउने फोरस इन्टरनेशनलप्रति हार्दिक आभार व्यक्त गर्दछु।

**रामप्रसाद सुवेदी**

अध्यक्ष, गैरसरकारी संस्था महासंघ नेपाल

# विषयसूचि

| | |
|---|---|
| दिगो विकास लक्ष्यको पृष्ठभूमि | १ |
| दिगो विकास लक्ष्यका मुख्य आधारहरु | २ |
| दिगो विकास लक्ष्य १६+ | ४ |
| मानवअधिकार र विकासका सवालहरु | ६ |
| संयुक्त राष्ट्र संघीय एजेन्सीहरु | ८ |
| Intergovernmental Process | ८ |
| High-Level Political Forum (HLPF) | ९ |
| Voluntary National Reviews (VNRS) | १० |
| विश्वव्यापी रुपमा काम गर्ने नागरिक संस्थाहरु | १० |
| Action for Sustainable Development (A4SD) | १० |
| Global Call to Action Against Poverty (GCAP) | ११ |
| FORUS International | ११ |
| CIVICUS | १२ |
| CSO Partnership for Development Effectiveness (CPDE) | १३ |
| Transparency, Accountability and Participation (TAP) Network | १३ |
| International Federation of Human Rights (FIDH) | १४ |
| एशिया तहका क्षेत्रीय संस्थाहरु | १५ |
| Asia Development Alliance (ADA) | १५ |
| Asia Democracy Network (ADN) | १५ |

Asia Civil Society Partnership for Sustainable Development (APSD) १६
Asia Pacific Regional CSO Engagement Mechanism (APRCEM) १६
नेपालमा दिगो विकाससँग सम्बन्धित संयन्त्रहरु १७
संवैधानिक व्यवस्था १७
दिगो विकास तथा सुशासन समिति : राष्ट्रिय सभा १८
निर्देशन तथा कार्यान्वयन संरचना : राष्ट्रिय योजना आयोग १८
पन्ध्रौँ पञ्च वर्षीय योजना १९
प्रादेशिक तह र दिगो विकास २०
स्थानीय तह र दिगो विकास २१
राष्ट्रिय मानवअधिकार आयोग २२
नेपाल दिगो विकास मञ्च २३
निष्कर्ष : नागरिक संगठनहरु र दिगो विकास २४

## दिगो विकास लक्ष्यको पृष्ठभूमि

सन् २०१५ मा संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरु सम्मिलित राष्ट्रसंघीय साधारण सभाको शिखर सम्मेलनले पारित गरेर दिगो विकास एजेण्डा सन् २०१६ जनवरी १ देखि लागु गरिएको हो । यसका लक्ष्यहरु तय गर्न विश्वभरका सरकारहरु र लाखौं नागरिकहरुको संलग्नता रहेको छ। सहश्राब्दी विकास लक्ष्यको जगमा तय गरिएका दिगो विकास लक्ष्य २०३० लाई एउटा विश्वव्यापी साझा र साहसिक सम्झौताको रुपमा लिइन्छ। यसले  विश्वमा विद्यमान सबै प्रकारका गरिबीको उन्मूलन गर्ने उद्देश्य राखेको छ । यसलाई संक्षिप्तमा दिगो विकासका लागि एजेण्डा २०३० (एजेण्डा २०३०) भनेर समेत बुझ्ने गरिन्छ, जसले मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्दछ । यसले मानव जीवनको सामाजिक पक्ष, पर्यावरण र आर्थिक क्रियाकलापको सन्तुलित प्रयोगको आधार तयार गरेको छ। यसका मुख्य लक्ष्यहरु १७ वटा तथा १६९ सहायक लक्ष्यहरु रहेका छन् । यी लक्ष्यहरु मुलुकको अवस्था अनुसार राष्ट्रिय लक्ष्यको रुपमा कार्ययोजना बनाएर कार्यान्वयनमा रहेका छन् । नेपालको सन्दर्भमा लक्ष्य १४ अन्तर्गतका सूचकहरु तय गरिएका छैनन् किनकी यो लक्ष्यले दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरुको दिगो प्रयोग तथा संरक्षण गर्ने कुरा गर्दछ। नेपालमा समुद्र नभएको हुँदा यो लक्ष्य पुरा गर्न नेपालले कोशिस गरेको छैन। यसको अर्थ यो हो कि दिगो विकास एजेण्डाहरु एक अर्कामा परिपूरक छन्, सबै महत्वपूर्ण छन् तर सबै सरकार वा राज्यले यी सबै लक्ष्य पुरा गर्न योगदान गर्न सक्दैनन् । यसर्थ दिगो विकास लक्ष्यका पाँच स्तम्भ मध्ये एउटा साझेदारी पनि हो, जसले दिगो विकास एजेण्डाको कार्यान्वयनका लागि विश्वव्यापी साझेदारी अति आवश्यक भएको देखाउँछ । दिगो विकास लक्ष्य १७ वटा, परिमाणात्मक लक्ष्यहरु १६९ वटा र २४४ वटा सूचकहरु रहेका छन् । नेपालले लक्ष्य १४ बाहेकका सबै लक्ष्यहरु अन्तर्गत नेपालको सन्दर्भमा ४७९ वटा सूचकहरु तय गरेर दिगो विकास लक्ष्य कार्यान्वयनको खाका तयार गरेको छ।

दिगो विकास लक्ष्य र सूचकहरुबारे थप जानकारीका लागि : https://nepal.unfpa.org/sites/default/files/pub-pdf/SDGs_Booklet_Nepali%20Final.pdf

## दिगो विकास लक्ष्यका मुख्य आधारहरु :




दिगो विकास लक्ष्यका मुख्यतः पाँचवटा आधारस्तम्भहरु मानिएको छ । जसअन्तर्गत पृथ्वी, मानव, समृद्धि, शान्ति र साझेदारी रहेका छन् । अंग्रजीमा यसलाई पाँच पी पनि भन्ने गरिन्छ । दिगो विकास एजेण्डा २०३० ले यी स्तम्भहरुलाई मजबुत बनाउने अपेक्षा गरिएको छ ।

**पृथ्वी**: पृथ्वीमा रहेका प्राकृतिक साधनश्रोत र वातावरण भावी पुस्ताका लागि संरक्षण गर्ने

**मानव** : सबै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्ने र मर्यादा एवम् समानता कायम गर्ने

**समृद्धि** : प्रकृतिसँग सामञ्जस्यता कायम गर्दै समृद्ध र समुन्नत जीवनको सुनिश्चितता गर्ने

**शान्ति** : शान्तिपुर्ण, न्यायसङ्गत र समावेशी समाजको निर्माण गर्ने

**साझेदारी** : सशक्त विश्वव्यापी साझेदारीद्वारा दिगो विकासका एजेन्डाहरुको कार्यान्वयन गर्ने ।

## दिगो विकास लक्ष्यहरु

१ सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने

२ भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने

३ सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने

४ सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने

५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने

६ सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने

७ सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने

८ भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने

https://www.un.org/sustainabledevelopment/news/communications-material/




९ उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने

१० मुलुकभित्र तथा मुलुकहरुबीचको असमानता घटाउने

११ शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउने

१२ दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने

१३ जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने

१४ दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरुको दिगो प्रयोग तथा संरक्षण गर्ने

१५ स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने

१६ दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने

१७ दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने

## दिगो विकास लक्ष्यका मुख्य स्तम्भहरु :




दिगो विकास लक्ष्य १, २, ३, ४ र ५ ले सामाजिक क्षेत्रलाई प्रवर्द्धन गरेका छन् । लक्ष्य ८, ११, १२, १३, १४ र १५ ले वातावरणको क्षेत्रलाई प्रवर्द्धन र विकास गर्ने तर्फ लक्षित छन् । लक्ष्य ७, ८, १० र १७ ले आर्थिक विकासलाई जोड दिएको पाइन्छ । लक्ष्य १६ ले सुशासन, शान्ति, लोकतन्त्र र समावेशी विकासलाई जोड दिएको छ । यी लक्ष्यहरुले सामाजिक विकास, वातावरणीय विकास, र आर्थिक विकासको सन्तुलनलाई व्यवस्थित गर्न मद्दत गरेको देखिन्छ । लक्ष्य १६ अन्य सबै लक्ष्यहरुको विकासका लागि चाहिने सुशासन, संरचना, समावेशीता, सहभागिता लगायतका आधार निर्माण गर्न केन्द्रित देखिन्छ । यसर्थ लक्ष्य १६ लाई सवलीकरण लक्ष्यको रुपमा सामाजिक तथा नागरिक क्षेत्रले जोड दिएको पाइन्छ ।

## दिगो विकास लक्ष्य १६+





सर्वप्रथम संयुक्त राष्ट्र संघीय विश्व महासंघ मञ्च (वर्ल्ड फेडेरेसन अफ युनाईटेड नेसन्स एसोसियसन्स (डब्लूएफयूएनए) ले सन् २०१६ को अप्रिल २० मा लक्ष्य १६ सँग अन्तर सम्बन्धित अन्य लक्ष्यहरूको सम्बद्धता तथा परिपूरकका रूपमा आन्तरिकीकरण गर्ने क्रममा दिगो विकास लक्ष्य १६ प्लसको अवधारण अघि सारेको हो । सन् २०१९ लाई दिगो विकास लक्ष्य १६ प्लसलाई विभिन्न अभियान सञ्चालन गरेर सम्पन्न गर्ने वर्षका रूपमा अघि साारिएको थियो । दिगो विकास लक्ष्य १६ प्लस अन्तर्गत लक्ष्य

४, लक्ष्य ५, लक्ष्य ८, लक्ष्य १० र लक्ष्य १३ र लक्ष्य १७ लाई लक्ष्यहरूलाई समेटिएको पाइन्छ। जस अन्तर्गत लक्ष्य ४ मा समावेशी, न्यायोचित र गुणाात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने प्रावधान रहेको छ। लक्ष्य ५ मा लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउने रहेको छ। लक्ष्य ८ स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने रहेको छ। लक्ष्य १० : देश भित्र तथा देशहरूबीचको असमानता हटाउने छ भने लक्ष्य १३ जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने रहेको छ। लक्ष्य १७ आफैँमा साझेदारी प्रवर्द्धन गर्ने र सबै लक्ष्यहरुको पूर्ति गर्ने माध्यम रहेको छ। यसले विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने लक्ष्य राख्दछ।[1]

यद्यपी लक्ष्य १६ ले संरचना, समावेशीता, लोकतन्त्र शान्ति को विषमा जोड दिएको हुँदा यो लक्ष्य बाँकी १६ वटै लक्ष्यसँग अन्तरसम्बन्धित छ।[2]


दिगो विकास लक्ष्य १६ प्लस लाई तल उल्लेखित चार्ट र सम्बन्धित शान्तिपूर्ण समाज, न्यायपूर्ण समाज र समावेशी समाजसँग सम्बन्धित परिलक्ष्य प्राप्तिका मार्गचित्रलाई देखाइएको छ।[3]




[1] https://www.prasashan.com/2019/12/15/155809/

[2] https://bj75fd.a2cdn1.secureserver.net/wp-content/uploads/2021/07/SDG16-Toolkit.pdf

[3] https://www.sdg16.plus/roadmap







## मानवअधिकार र विकासका सवालहरु

संयुक्त राष्ट्र संघले विकासका केही सवालहरुलाई सूचीकृत गरेको छ। यी सवालहरुमा आधारित भएर मानवअधिकार र विकासका अभियानहरु प्राथमिकतामा पर्ने गरेको देखिन्छ। दिगो विकास लक्ष्य संयुक्त राष्ट्र संघबाट प्राथमिकतामा रहेका सवालहरुको सम्बोधन गर्ने तर्फ परिलक्षित छ। विकास र मानवअधिकार एकअर्काका परिपूरक समेत हुन्। किनभने मानवअधिकारको अनुभूति हुनसक्ने अवस्था भनेको विकसित वा समृद्ध समाज हो। मानवअधिकारका विषयवस्तुहरुले विकासका कार्यहरु समेतलाई निर्देशित गरेको हुन्छ। अधिकारमा आधारित पद्धतिले मानवअधिकारका आधारभूत सिद्धान्तहरुलाई अवलम्बन गर्दै जोखिममा परेको समुदायलाई मुख्य केन्द्रमा राखेर काम गरेको हुन्छ। दिगो विकास लक्ष्यको मुख्य ध्येय भनेको कोही पनि पछि नपरुन् अर्थात विकास प्रक्रिया र विकासको प्रतिफल प्राप्तिमा सबै नागरिकको संलग्नता रहनुपर्दछ भन्ने रहेको छ। यहाँ OHCHR ले सूचीकृत गरेका मानवअधिकारका सवालहरुलाई प्रस्तुत गरिएको छ।

यी सवालहरु कुनै एक देशमा मात्र नभएर विश्वव्यापीरुपमा सरोकार राख्ने खालका छन्, जसमध्ये दिगो विकास एजेण्डा २०३० पनि पर्दछ।

दिगो विकास एजेण्डा २०३० को प्रस्तावनाले नै दिगो विकास लक्ष्यहरुले मानवअधिकारको संरक्षण, प्रवर्द्धन, लैंगिक समानता र महिलाहरु र किसोरीहरुको सशक्तिकरणको विषयलाई उठाएको छ। अधिकारमा आधारित विकास पद्धतिले जोखिममा परेको समुदायलाई केन्द्रमा राखेर विकासका काम र गतिहरुलाई अघि बढाउन निर्देशित गर्दछ। मानवअधिकारमा आधारित विकास पद्धति विकासको एउटा अवधारणात्मक ढाँचा हो, जसले मानव विकास र मानवअधिकारका अन्तर्राष्ट्रिय मान्यताहरुलाई जनस्तरमा अनुभूति गराउनका लागि हरेक मुलुक र स्थानीय तहमा कार्यान्वयन तहमा लाँदै मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा जोड दिन्छ। यसले असमानता अन्त्य गर्न र कसैलाई पनि विकास प्रकृया र विकासका लाभहरुमा कोही पनि पछि नपरुन् भन्ने मान्यता स्थापित गर्दछ।[4]

नागरिक संस्थाहरुले विकास र मानवअधिकार, समानता, विभेद विरुद्धका अभियानहरु, जनसमुदायका आधारभूत आवश्यकता परिपूर्तिमा जोड दिने, जलवायू परिवर्तन र यसका असरका बारे वकालत तथा पैरवी गर्ने, असमानता विरुद्ध आफ्ना आवाज उठाउने कार्य गरिरहेका छन्। यी क्रियाकलापहरु मानवअधिकार र सामाजिक न्यायसँग प्रत्यक्ष जोडिएका छन्। साथै, दिगो विकास लक्ष्य हासिल भएको अवस्थाले मानवअधिकारको सुनिश्चितता गर्न मद्धत पुग्छ भन्ने अभिप्रायले नै नागरिक संस्थाहरु दिगो विकासको कार्यान्वयनमा जोड दिइरहेका छन्। नागरिक संस्थाहरुले दशकौं देखि उठाएका आवाजहरुलाई दिगो विकास एजेण्डा २०३० ले सम्बोधन गर्न सक्ने भएको तथा नागरिक संस्थाहरुसँगको साझेदारी अपरिहार्य छ भन्ने प्रावधान समेत भएको हुँदा दिगो विकास लक्ष्य नागरिक संस्थाहरुका लागि समेत महत्वपूर्ण छन्।[5]

---

[4] https://unsdg.un.org/2030-agenda/universal-values/human-rights-based-approach

[5] https://www.ohchr.org/EN/Issues/Pages/ListOfIssues.aspx

*Adequate Housing, Administration of Justice, Albinism, Business and Human Rights, Children, Civic Space, Civil and Political Rights, Climate change, Coercive measures, Conscientious objection, Corruption and Human Rights, Cultural rights, Death penalty, Democracy, Detention, Development (Good Governance and Debt), Disability and Human Rights, Disappearances, Discrimination, Economic, Social and Cultural Rights, Education, Environment, Executions, Food, Forced evictions, Freedom of Opinion and Expression, Freedom of peaceful assembly and of association, Freedom of Religion and Belief, Health, HIV/AIDS, Human Rights Defenders, Human rights education and training, Human Rights Indicators, Humanitarian action, Independence of Judiciary, Indigenous Peoples, Internal Displacement, International Order, International Solidarity, Land and Human Rights, Leprosy, LGBTI People, Local Government and*

## संयुक्त राष्ट्र संघीय एजेन्सीहरु

दिगो विकास लक्ष्यको कार्यान्वयनको मुख्य नेतृत्वदायी निकाय भनेको संयुक्त राष्ट्र संघ नै हो। यसका प्रतिनिधिमूलक इकाइहरुले दिगो विकास लक्ष्य प्राप्तिका लागि विषयगत नेतृत्व लिने कार्य गर्दछन् । संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडिपी) नेतृत्वदायी इकाइ हो जसले दिगो विकास लक्ष्य प्राप्तिका लागि मुख्य भूमिका निर्वाह गर्दछ। संयुक्त राष्ट संघीय एजेन्सीहरुले सम्बन्धित मुलुकमा यी लक्ष्यहरु कार्यान्वयनका लागि सहजीकरण गरिरहेको पाइन्छ। थप जानकारीका लागि : https://sdgs.un.org/goals

## Intergovernmental Process

दिगो विकास एजेण्डा २०३० पुरा गर्नका लागि संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद अन्तर्गत कार्यहरु हुने गर्दछन् ।

जस अन्तर्गत निम्न अनुसारका प्रक्रियाहरु अवलम्बन गरिएको छ।

- High-level Political Forum on Sustainable Development
- UN Conferences and High-Level Events related to sustainable development
- Multi-stakeholder Forum on Science, Technology and Innovation for the SDGs
- Second Committee of the UN General Assembly
- SAMOA Pathway
- ECOSOC Partnership Forum

थप जानकारीका लागि : https://sdgs.un.org/

*Human Rights, Mental health and human rights, Mercenaries, Migration, Minorities, Nationality, Older persons, Plans of Action for the Promotion and Protection of Human Rights, Poverty, Privacy, Private military and security companies, Racism, Reprisals, Rule of Law, Safety of Journalists, Sexual orientation and gender identity, Situations, Slavery, Social Security, Terrorism, The 2030 Agenda for Sustainable Development, Torture, Trade and Investment, Traditional values, Trafficking in Persons, Transitional Justice, Treaty Body Strengthening, Urbanization and Human Rights, Violent extremism, Water and sanitation, Women, Youth.*

## High-Level Political Forum (HLPF)

हाइ लेवल पोलिटिकल फोरम संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद (इकोसोक) अन्तर्गत रहने व्यवस्था संयुक्त राष्ट्र संघको ६७ औं सेसनले[6] गरेको छ। जुलाई २०१३ मा भएको उक्त रिजोलुसनले Format and organizational aspects of the high-level political forum on sustainable development पारित गरेको छ। उक्त ढाँचाले हाइ लेवल पोलिटिकल फोरमको ढाँचा र प्रक्रियाको व्यवस्था गरेको छ। इकोसोक अन्तर्गत रहेर उक्त फोरमले इकोसोक र वातावरणको क्षेत्रमा भएका सम्मेलनहरु तथा समिटहरुको कार्यान्वयन, प्रगति, सहकार्य र समन्वयहरुका साथै नतिजा र प्रगतिहरुको समीक्षा गर्ने गर्दछ। यसले सिकाइ तथा अनुभवहरुका आधारमा दिगो विकास सम्बन्धी कार्यान्वयनका लागि दिगो विकास नीतिहरु समेत तय गर्दछ।

सन् २०१४ देखि वार्षिक रुपमा यो फोरमको वैठक भइरहेको छ। सन् २०१६ देखि दिगो विकास एजेण्डा २०३० का बारेमा नियमित समीक्षा भएका छन्। यसका मुख्य प्रावधानहरुमा सरकार प्रमुखहरुको सहभागितामा संयुक्त राष्ट्र संघको महासभामा २ दिन कार्यक्रम हुने गर्दछ। इकोसोकको आयोजनामा हरेक वर्ष ८ दिन उक्त फोरम हुने गर्छ जसमा ३ दिन मन्त्री स्तरीय वैठक समेत हुन्छ। दिगो विकास एजेण्डा कार्यान्वयनका लागि यो उच्च स्तरीय राजनीतिक मञ्च सबभन्दा महत्वपूर्ण रहेको छ।

दिगो विकास एजेण्डा २०३० का लागि सन् २०१६ को HLPF महत्वपूर्ण शुरुवात थियो। यसले २२ वटा देशहरुको स्वैच्छिक राष्ट्रिय समीक्षा (भोलेन्टरी नेशनल रिभ्यू) गरेको थियो भने एजेण्डा २०३० का अन्तरसम्बन्धित विषयहरुमा समेत छलफल गरेको थियो।

HLPF मा कुनै पनि देशहरुले स्वयंसेवी रुपमा मुलुकमा तयार भएको दिगो विकास एजेण्डाको कार्यान्वयनको अवस्था सम्बन्धी प्रतिवेदन Voluntary National Review (VNR) प्रस्तुत गर्ने गर्दछन्। उक्त प्रतिवेदन तयारीमा नागरिक संगठनहरुको समेत महत्वपूर्ण भूमिका रहन्छ।

थप जानकारीका लागि : https://hlpf.un.org/

[6] https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/N12/496/00/PDF/N1249600.pdf?OpenElement

## Voluntary National Reviews (VNRs)

दिगो विकास एजेण्डा २०३० को कार्यान्वयनको अवस्था आवधिक रुपमा सदस्य मुलुकहरुले समीक्षा गर्नुपर्ने प्रावधान रहेको छ। यो कार्य सदस्य मुलुकको स्वैच्छिक कार्य हो। VNR २०३० एजेण्डा कार्यान्वयनको समीक्षा र पुनरावलोकन गर्ने संयन्त्र पनि हो। VNR को उद्देश्य भनको एजेण्डा कार्यान्वयनमा गति प्रदान गर्नु हो भने अनुभव, सफलता, चुनौति र सिकाई आदान प्रदान गर्न सहजीकरण गर्ने माध्यम पनि हो। यसको माध्यमबाट नीतिगत सुधार गर्ने, कार्यान्वयन गर्ने संयन्त्रहरु निर्माण वा सुदृढीकरण गर्ने र बहुसरोकारवालाहरुको संलग्नता बढाउन समेत सहयोग पुगेको हुन्छ। कुनै पनि मुलुकको उपलब्धि र लक्ष्य प्राप्तिको प्रवृत्तिहरु समेत उक्त प्रतिवेदनमा उल्लेख गरिएको हुन्छ।

थप जानकारीका लागि : https://sustainabledevelopment.un.org/inputs/

### विश्वव्यापी रुपमा काम गर्ने नागरिक संस्थाहरु

दिगो विकास एजेण्डा २०३० समग्र नागरिक संस्थाका साझा विषयहरु हुन्। यी एजेण्डा पुरा गर्नका लागि विश्वव्यापी रुपमा, क्षेत्रीय रुपमा, राष्ट्रिय रुपमा र स्थानीय तहमा समेत योगदान र प्रयत्न जरुरी हुन जान्छ। यस खण्डमा विश्वव्यापी रुपमा दिगो विकास एजेण्डा २०३० का लागि काम गर्ने केही संस्थाहरुको बारेमा संक्षिप्त प्रस्तुत गरिएको छ। सम्बन्धित संस्थाहरुका बारेमा विस्तृत रुपमा जानकारी लिनका लागि संस्थाका वेवसाइटहरु यससँगै राखिएको छ।

## Action for Sustainable Development (A4SD)

सन् २०१६ मा स्थापना भएको A4SD को मुख्य ध्येय भनेको नै दिगो विकास लक्ष्य २०३० र पेरिस एग्रीमेन्ट अन क्लाइमेट चेन्जको कार्यान्वयनका लागि नागरिक संस्थाहरुलाई सहयोग गर्नु हो। यसमा १५५ देशका (जसमा ८० प्रतिशत जति ग्लोबल साउथका देशहरु छन्) करिब ३ हजार भन्दा बढी संस्थाहरु र अभियानकर्मीहरु आवद्ध रहेका छन्। यसको मूल ध्येय नै दिगो विकास लक्ष्य २०३० लाई प्रभावकारी कार्यान्वयन गर्नु हो।

यसका मुख्य लक्ष्यहरु दिगो विकासको कार्यान्वयनका लागि सहकार्य गर्ने रहेको छ। यसले नीतिगत तहमा देखिएका समस्याहरु, चुनौतिहरु र अवरोधहरु हटाउँदै नागरिकहरुमा सहज सेवा प्रदान गर्नका लागि नीति निर्माताहरुसँग वकालत गर्ने कार्य गर्दछ। यसैगरी जवाफदेहिताको

अनुगमन गर्ने कार्य, सिर्जनात्मक सुझाव वा समाधानहरुका लागि साथै जनसमुदाय परिचालनका लागि कार्य गर्दछ । मूलतः जलवायु परिवर्तन, मानवअधिकार, भ्रष्टाचार नियन्त्रण, स्वास्थ्य, गरिबी र महिलाका सवालहरु जस्ता विषयहरुमा यसले जोड दिएको छ ।

थप जानकारीका लागि : https://action4sd.org/

## Global Call to Action Against Poverty (GCAP)

जीक्याप संसारको ठूलो नागरिक संस्थाहरुको सञ्जाल हो । यसले सामाजिक आन्दोलन, ट्रेड युनियनहरु, समुदाय संस्थाहरु, युवा समूहहरु, स्थानीय संस्थाहरु समेतको एक सय भन्दा बढी राष्ट्रिय सञ्जालहरु मार्फत कार्य गर्दछ । यसको मुख्य दृष्टिकोण भनेको गरिबी र असमानताका संरचनागत कारणहरुको अन्त्य गर्नु हो । यसको मूल ध्येय भनेको गरिबी र असमानताको अन्त्य गर्दै कोही पनि पछि नपरुन् भन्ने मान्यतामा आधारित भएर बलियो र प्रगतिशिल विश्वव्यापी कार्यलाई निर्माण गर्नु रहेको छ ।

यसले आधारभूत तहका मानिसहरुको हितमा, सबै तहका सरकारहरु, नीजि क्षेत्रहरुलाई जवाफदेही बनाउन, विश्वव्यापी बलियो नेटवर्क निर्माण गर्दै नीतिगत प्रभावलाई बलियो बनाउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरुलाई प्रभावित गर्दै उत्तरदायित्व प्रवर्द्धन, न्याय र सुशासन, मानवअधिकारको परिपूर्ति, ट्रेड जस्टिस, ऋण रद्द गराउने अभियानहरु, लैंगिक समानता र जलवायुका सवालहरुमा पैरवी तथा अभियानहरु सञ्चालन गर्दछ ।

असमानता सम्बन्धमा अध्ययन अनुसन्धान र विश्लेषण गर्ने, दिगो विकास लक्ष्य र असमानताका बारेमा जनसचेतना अभिवृद्धि गर्ने तथा क्षमता बढाउने, नागरिकहरुको संलग्नता बढाउन अभियान र परिचालन गर्ने, पैरवी तथा अनुगमन गर्ने र नागरिक संस्थाहरुबीचको सहकार्य बलियो बनाउने, समन्वय तथा सञ्जालीकरणका लागि सहजीकरण गर्ने कार्य जिक्यापले गरिरहेको छ ।

थप जानकारीका लागि : https://gcap.global

## FORUS International

फोरस इन्टरनेशनल प्रभावकारी सामाजिक रुपान्तरणका लागि नागरिक समाजलाई सहयोग गर्ने सिर्जनशील विश्वव्यापी सञ्जाल हो । फोरसमा ६८ वटा देशका नागरिक संस्था, गैरसरकारी संस्थाका ६८ वटा राष्ट्रिय नेटवर्कहरु, र ७ वटा क्षेत्रीय कोलिसनहरु आवद्ध रहेका छन् । यसले

आफ्ना सशक्त र विविधतायुक्त सदस्यहरुलाई आफ्नो सबल पक्ष मान्ने गर्दछ । फोरसलाई गैससहरुको राष्ट्रिय प्लेटफर्महरु र क्षेत्रीय कोलिसनहरुको को अन्तर्राष्ट्रिय मञ्च भनेर पनि चिन्ने गरिन्छ ।

यसले विश्वव्यापी रुपमा शक्ति असन्तुलन, गरिबीको अन्त्य गर्ने, असमानता हटाउने, सामाजिक न्याय प्राप्ति गर्नका लागि राष्ट्रिय संस्थाहरु र क्षेत्रीय संस्थाहरुको सशक्त आवाज र ज्ञानको कल्पना गरेको छ । फोरसले विकास, शान्ति, लोकतन्त्र र दिगोपना र न्यायका लागि अन्तर्राष्ट्रिय समुदायलाई संगठित गर्दै स्थानीय तथा विश्वव्यापीरुपमा कार्य गर्दछ ।

यसले मानवअधिकारको रक्षा, सबै प्रकारका असमावेशी स्वरुपहरुको अन्त्य, गरिबीको अन्त्य, असमानता र अन्यायका विरुद्ध, दिगो विकासको प्रवर्द्धन गर्ने र नागरिक समाजका लागि उपयुक्त कार्य वातावरण निर्माण गर्न कार्य गर्दछ । नागरिक संस्थाहरुको क्षमता बढाउने कार्य समेत यसले गर्दछ ।

थप जानकारीका लागि : https://forus-international.org/

## CIVICUS

नागरिक संस्थाहरु र नागरिकहरुका कार्यलाई विश्वव्यापी रुपमा सबलीकरण गर्नका लागि सन् १९९३ देखि क्रियाशील रहेको नागरिक समाज संस्थाहरु र प्रतिबद्ध अभियानकर्मीहरुको विश्वव्यापी एलाइन्स सिभिकस हो । यसमा १७५ देशका ९ हजार भन्दा बढी सदस्यसंस्थाहरु रहेका छन् । नागरिक समाजलाई सिभिकसले गैरसरकारी संस्थाहरु, अभियनकर्मीहरु, नागरिक संस्थाका सञ्जालहरु, परोपकार संस्थाहरु, विश्वास वा आस्थामा आधारित समूहहरु, ट्रेड युनियनहरु, परोपकारी प्रतिष्ठानहरुलाई समेत मान्दछ । यसका सदस्यहरु विविधतायुक्त र विश्वव्यापी रहेका छन् । सदस्यहरुको विविधता सिभिकसको पहिचान समेत हो । यसले मुख्यतः नागरिकहरुको स्पेसको रक्षा गर्ने र नागरिक संस्थाहरुलाई प्रवर्द्धन गर्न जोड दिन्छ । यसले नागरिक संस्था वा नागरिक समाजको आवाजलाई सशक्त बनाउन जोड दिन्छ ।

मानवताका लागि सामना गरिरहनु परेका चुनौतिहरु समाधान गर्न सूचित, उत्प्रेरित र प्रतिबद्ध विश्वव्यापी समुदायको संलग्नताको कल्पना सिभिकसले गर्दछ ।

दिगो विकास एजेण्डाले नागरिक संस्थाहरुसँगको साझेदारीका विषयहरुलाई उठान गरेको छ । सिभिकसले दिगो विकास लक्ष्यको प्रगतिका विषयमा नागरिक संस्थाहरुको क्षमता विकास गर्ने,

डाटा सिफ्ट तयार गर्ने जस्ता कार्यहरु गर्दछ । यसर्थ दिगो विकास एजेण्डा २०३० का लक्ष्य हासिल गर्न नागरिक संस्थाका लागि सिभिकस महत्वपूर्ण संस्था रहेको छ । https://www.data4sdgs.org/partner/civicus

थप जानकारीका लागि ः https://www.civicus.org/

## CSO Partnership for Development Effectiveness (CPDE)

सीपिडिइ प्रभावकारी विकास साझेदारीका सवालहरुकाबारेमा विश्वभरीका नागरिक संस्थाहरुलाई एकताबद्ध गर्ने संस्था हो । डिसेम्बर २०१२ मा ५० वटा नागरिक संस्थाहरुका नेतृत्व र प्रतिनिधिहरुबाट विकास प्रभावकारीतामा काम गर्नका लागि यसको गठन गरिएको थियो । यसमा आस्था वा विश्वासमा आधारित संस्थाहरु, महिलावादी, आदिवासी जनजाती समुदाय, अन्तर र्राष्ट्रिय नागरिक संस्थाहरु, श्रमिकहरु, माइग्रेन्ट समुदाय, ग्रामीण समुदाय र युवाहरु समेतको विविध संलग्नता रहेको छ । गरिबी र असमानता विरुद्ध प्रयोग भएको विकास बजेटको प्रभावकारीता कायम गर्न यसले प्रयास गरिरहेको छ । मानवअधिकारमा आधारित विकास पद्धतिको प्रवर्द्धन गर्न, विकास साझेदारहरुको जवाफदेहिता सुनिश्चित गर्न, पैरवीका लागि नागरिक संसहरुको क्षमता प्रवर्द्धन गर्न र संलग्नता बढाउन काम गरिरहेको छ । यसका कामहरुले दिगो विकास लक्ष्य १७ र १६ लाई जोड दिन्छ । यसले मानवअधिकार, लैंगिक अधिकार, सहभागितात्मक लोकतन्त्र, आर्थिक, सामाजिक र वातावरणीय न्यायको सुनिश्चितता, मर्यादित श्रमिको सुनिश्चित गर्ने जन केन्द्रीत प्रभावकारी विकास, विश्वशान्ति र सबै खासगरी विपन्न र जोखिममा परेका समुदाय समेतको मर्यादित जीवनलाई जोड दिन्छ । यसले मुख्यतः विकासशील राष्ट्रहरुको विकास प्रतिको अपनत्व, नतिजामा जोड, समावेशी विकास साझेदारी र पारदर्शीता एवम् जवाफदेहीतालाई आफ्ना सिद्धान्त मान्ने गर्दछ ।

थप जानकारीका लागि ः https://csopartnership.org/

## TRANSPARENCY, ACCOUNTABILITY AND PARTICIPATION (TAP) NETWORK

Transparency, Accountability, and Participation (TAP) Network दिगो विकास लक्ष्य १६ (शान्ति प्रवर्द्धन, समावेशी समाज र जवाफदेहीताको वृद्धि) प्लस को प्रवर्द्धन गर्दै नागरिक संस्थाहरुको अन्तर्राष्ट्रिय कोलिसन हा । यस नेटवर्कमा विश्वका हरेक क्षेत्रका सय भन्दा बढी

नागरिक समाज संस्थाहरुको संलग्नता रहेको छ । यी संस्थाहरुले आ-आफ्नो सन्दर्भमा दिगो विकास लक्ष्य १६ प्लसको कार्यान्वयन र जवाफदेहीता प्रबर्द्धनमा काम गरिरहेका छन् । यो नेटवर्कले सबै क्षेत्रमा र सबै तहमा जवाफदेहीता प्रवर्द्धन गर्नका लागि संस्थाहरुको तर्फबाट समन्वय र विश्वव्यापी पैरवी गर्दछ । साथै प्रत्यक्ष अप्रत्यक्ष रुपमा आ-आफ्नो सन्दर्भमा जवाफदेहीता प्रवर्द्धन गर्न सदस्य संस्थाहरुलाई सहयोग गर्दछ ।

यो नेटवर्कमा समुदाय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहका गैससहरु, विषयगत नेटवर्कहरु एवम् स्वतन्त्र थिंक टैंकहरु समेत सदस्य रहेका छन् । यसले कोही पनि पछि नपरुन् भन्ने दिगो विकास लक्ष्यको विषयमा केन्द्रीत रहेर दिगो विकास लक्ष्य १६ प्लसको कार्यान्वयनमा जोड दिएको छ ।

यो नेटवर्कले राष्ट्रिय र स्थानीय नागरिक संस्थाहरुको सशक्तिकरणको उद्देश्य राखेको छ । साथै, दिगो विकास लक्ष्य १६ प्लसको स्थानीयकरण र क्षमता विकास, अनुगमन र जवाफदेहीता प्रवर्द्धनलाई समेत प्राथमिकतामा राखेर कार्य गरिरहेको छ ।

थप जानकारीका लागि : https://tapnetwork2030.org/

## International Federation of Human Rights (FIDH)

मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका अधिकारहरुको सम्मान गर्नका लागि योगदान गर्ने अभिप्रायले सन् १९२२ मा यो महासंघको स्थापना भएको देखिन्छ । यस महासंघमा ११७ वटा देशका १८८ गैससहरु संगठित भएका छन् । स्थापना कालदेखि नै यसले नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको रक्षा गर्ने कार्य गरिरहेको छ । जुन अधिकारहरु मानवअधिकारको विश्वव्यापी घोषणा पत्रमा समेत समावेश छन् ।

यो संस्थाले मानवअधिकार रक्षकहरुको स्वतन्त्रता क्षमता प्रवर्द्धनमा समेत कार्य गर्दछ । अधिकार हरुको विश्वव्यापकता, आप्रवासीका अधिकारको रक्षा, महिला अधिकार, दण्डहीनताको अन्त्यका लागि काम गर्ने, विश्वव्यापीकरणको सन्दर्भमा मानवअधिकारको सम्मान र शान्ति, सुशासन तथा कानुनको शासनका लागि काम गर्दछ । दिगो विकास लक्ष्य १६ प्लससँग यसका कार्यहरु जोडिएका छन् ।

थप जानकारीका लागि : https://www.fidh.org/en/

## एशिया तहका क्षेत्रीय संस्थाहरु

## Asia Development Alliance (ADA)

ADA ले समावेशी आवाजका लागि प्रतिनिधित्व, नागरिकहरुले सबै मानवअधिकारको अनुभूति गरेको अवस्था, गरिबी निवारण, असमानतामा न्यूनीकरण, सामाजिक न्याय, शान्ति र लोकतन्त्रका लागि शक्ति सन्तुलनका लागि हरेक मुलुकमा बलियो राष्ट्रिय नागरिक संस्थाको प्लेटफर्मको परिकल्पना गर्दछ।

यसले न्याय, नागरिक संस्थाको स्वतन्त्रता र भूमिका (सिभिक स्पेस), संगठनको स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रताका लागि राष्ट्रिय संस्थाहरुलाई सहजीकण, सहकार्य र क्षमता प्रवर्द्धनका लागि काम गर्दछ। सन् २०१३ मा यस सञ्जालको स्थापना भएको हो।

ADA ले नियमित प्रतिवेदनहरु र स्थिति पत्रहरुका आधारमा VNR प्रकृयामा नागरिक संस्थाहरुको संलग्नताका लागि वकालत गर्दछ।

नागरिक समुदायका कार्यकर्ताहरुको प्रभावशाली र कुशल सहभागिता सुनिश्चित गर्दै दिगो विकास लक्ष्य हासिल गर्न नागरिक संस्थाहरुको क्षमता बढाउने, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा नागरिक संस्थाहरुको खुम्चिदै गएको भूमिका र स्थानका बारेमा नीतिगत प्रभाव पार्न नागरिक संस्थाका लागि उपयुक्त कार्यवातावरण निर्माण गर्न पैरवी गर्ने।

थप जानकारीका लागि : https://ada2030.org/

## Asia Democracy Network (ADN)

एसिया डेमोक्रेसी नेटवर्क २०१२ सालमा स्थापना भएको, एसियामा सबै मानवअधिकारहरु सबै व्यक्ति, समूहहरुले पूर्णतः सम्मान र महसुस गरेको न्यायपूर्ण, समान र दिगो समुदायहरु रहेको लोकतान्त्रिक समाज निर्माण गर्न कटिबद्ध संस्था हो। यसले नागरिक समाजको प्रभावकारी ऐक्यवद्धता र सहकार्यमा समाजका सबै तहमा लोकतान्त्रिकरण गर्न एसियामा पैरवी गर्दछ।

यसले मानवअधिकारका सवालहरुमा सरोकारवालाहरुको ध्यानाकर्षण गर्न, मानवअधिकार रक्षकहरुको संरक्षण गर्न, मानवअधिकारका लागि पैरवी गर्न र सदस्य वा साझेदारहरुको क्षमता बढाउनका लागि काम गर्दछ। यसले दिगो विकास लक्ष्य १६ लाई मुख्यतः प्रवर्द्धन गरिरहेको हुन्छ।

थप जानकारीका लागि : https://adnasia.org/

## Asia Civil Society Partnership for Sustainable Development (APSD)

एपिएसडीले मानवअधिकारमा आधारित विकास पद्धतिको माध्यमबाट दिगो विकास लक्ष्य एजेण्डा २०३० का लागि प्रभावकारी संलग्नता गराई  सामाजिक र पर्यावरणीय दिगोपना प्रवर्द्धनका लागि कार्य गर्दछ।

एपिएसडी कुनै पनि भयबाट मुक्त विविधतापूर्ण संस्कृतिबीच सद्भावयुक्त दिगो वैश्वीक समुदाय निर्माणमा प्रतिबद्धता गर्दछ।

सन् २०१६ देखि यसले दिगो विकास लक्ष्यको कार्यान्वयनमा सदस्यहरुबीच आपसी सहकार्य प्रवर्द्धन गर्ने, पैरवी गर्ने, अभियानहरु सञ्चालन गर्ने, परिचालन गर्ने, क्षमता विकासका लागि सहजीकरण गर्ने, सञ्जालहरु निर्माण गर्ने जस्ता कार्यहरु गर्दछ। एपिएसडीले दिगो विकास लक्ष्यहरु १६ प्लस र १७ का लागि काम गरिरहेको छ।

थप जानकारीका लागि : https://apsd2030.org/_

## Asia Pacific Regional CSO Engagement Mechanism (APRCEM)

दिगो विकास प्रक्रियाबाट उपलब्धिमूलक नतिजा हासिल गर्न APRCEM ले काम गर्दछ। सन् १९९२ देखि नै विकास प्रक्रियामा नागरिक सहभागिता र संलग्नता बढाउनका लागि यसले कार्य गरिरहेको छ।

यसले दिगो विकासका लागि एसिया प्यासिफिक मञ्च आयोजना गर्ने, दिगो विकास लक्ष्य हासिल गर्न कार्य गर्ने, हाइ लेभल पोलिटिकल फोरममा संलग्न हुने, जवाफदेहीता प्रवर्द्धनका लागि छलफल गर्ने जस्ता कार्यहरु गर्दछ।

थप जानकारीका लागि : http://asiapacificrcem.org/

# नेपालमा दिगो विकाससँग सम्बन्धित संयन्त्रहरु

## संवैधानिक व्यवस्था

नेपालको संविधान जारी हुने समय र दिगो विकास लक्ष्यको पूर्व तयारीको समय एउटै थियो । नेपालको संविधान सन् २०१५ सेप्टेम्बर २० मा जारी भयो भने यो समय भनेको दिगो विकासको वहसको पूर्व सन्ध्या थियो । दिगो विकास एजेण्डाका बारेमा व्यापक बहस हुँदै सन् २०१६ को जनवरी १ बाट दिगो विकासको कार्यान्वयन शुरु भएको थियो । यसै सन्दर्भले समेत हुनसक्छ, नेपालको संविधानमा व्यवस्था भएका मौलिक हकहरु एवम् नीति तथा कार्यक्रमहरु दिगो विकासमैत्री देखिन्छन् । नेपालको संविधान सामाजिक विकास, पर्यावरणीय विकास, आर्थिक विकास र सुशासन सबै पक्षलाई सुदृढ गराउन निर्माण भएको छ । यसका साथ साथै स्वतन्त्रता, सम्मान र मर्यादित जीवनका लागि चाहिने आधारहरु तयार गर्ने विषयगत ढाँचा संविधानमा समेत पाइन्छ ।

नेपालको संविधान तथा कानूनहरू र दिगो विकास लक्ष्यबीच बलियो सम्बन्ध रहेको पाइन्छ । खासगरि सार्वजनिक सेवाहरूको प्रवाह र त्यसको निमित्त लगानी गर्ने कार्यहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ, कृषि, आधारभूत पूर्वाधार तथा सामाजिक समावेशीकरण एवम् संरक्षणका क्षेत्रमा स्रोत तथा संयन्त्रको विकास प्रमुख रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चार वटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य ४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) सम्बन्धित छ । मौलिक हकले कोही पनि पछि नपरुन् भन्ने मान्यतालाई स्थापित गर्दछ । जस अन्तर्गत दलितको हक, छुवाछुत विरुद्धको हक, महिलाको हक, बालबालिकाको हक, ज्येष्ठ नागरिकका अधिकारहरु सुनिश्चित गरिएको छ । मर्यादित श्रम समेत मौलिक हक अन्तर्गत पर्दछ भने स्वच्छ वातावरणको हक समेतको व्यवस्था गरिएको छ । मौलिक हकको कार्यान्वयनले मात्र पनि दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुग्ने देखिन्छ । यसले समावेशीताका मान्यतालाई स्थापित गरेको छ, जसले समावेशी लोकतन्त्रलाई संस्थागत गर्न मद्दत गर्दछ ।

संविधानको धारा ५० को दफा (३) मा उल्लेखित निर्देशक सिद्धान्तले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता, उपलव्ध स्रोत साधनको अधिकतम परिचालन, प्राप्त उपलव्धीहरुको न्यायोचित वितरण, आर्थिक असमानताको अन्त्य, शोषण रहित समाजको निर्माणको प्रवन्ध गरेको छ । यो धाराले संविधान कार्यान्वयनका लागि साझेदारीको अवधारणा अघि सारेको छ । संविधानको धारा ५१ (च) ले विकास सम्वन्धी नीतिमा क्षेत्रीय सन्तुलन, समावशी, क्षेत्रीय

विकासको योजना दिगो सामाजिक आर्थिक विकासको कुरा अघि सारेको छ। यो बुँदाले दिगो विकास लक्ष्य १६ र योसँग अन्तरसम्बन्धित लक्ष्यहरु प्राप्तिमा सहयोग गर्दछ। धारा ५१ को (छ) ले प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र उपयोग सम्वन्धी नीति लिएको छ। नेपालको संविधान जनकेन्द्रीत छ जसले अधिकारमा आधारित विकास पद्धतिलाई सिद्धान्ततः अंगीकार गरेको देखिन्छ।

## दिगो विकास तथा सुशासन समिति : राष्ट्रिय सभा

राष्ट्रिय सभा नियमावली २०७५ को प्रावधान बमोजिम नेपाल सरकारले अख्तियार गरेको दिगो एवम् सन्तुलित विकास र सुशासन प्रवर्द्धन सम्बन्धी विषय यस समितिको कार्यक्षेत्र भित्र पर्दछ। समितिले विकासका बहुआयामिक पक्षलाई कार्यान्वयन गर्न र दिगो व्यवस्थापन गर्न आवश्यक समन्वय, निर्देशन, पैरवी, अनुगमन, बहस, एवम् यससँग सम्बन्धित संयन्त्रहरुको प्रभावकारी नियमन गर्न कार्य गर्दछ। साथसाथै समावेशी, सन्तुलित, समन्यायिक विकासलाई सारभूत रुपमा कार्यान्वयन हुने नीति, योजना, कार्यक्रम, बजेट, कार्यप्रक्रिया र उपलब्धीको अनुगमन, निगरानी, सचेतीकरण र दिशाबोध गराउने कार्य गर्दछ।

थप जानकारीका लागि : https://na.parliament.gov.np/np/committees/Sustainable-Development-and-Good-Governance-Committee

## निर्देशन तथा कार्यान्वयन संरचना : राष्ट्रिय योजना आयोग

दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि मुख्य भूमिका राष्ट्रिय योजना आयोगको रहेको छ। दिगो विकास एजेण्डा कार्यान्वयनको लागि संघीय सरकारले राष्ट्रिय तहमा तीनवटा उच्चस्तरीय समितिहरु गठन गर्ने ब्यवस्था गरेको छ। पहिलो, राष्ट्रिय निर्देशन समिति जसको अध्यक्षता प्रधानमन्त्रीले गर्ने व्यवस्था गरिएको छ। उक्त समितिमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, अर्थ मन्त्री, परराष्ट्« मन्त्री, मुख्य सचिव र राष्ट्रिय योजना आयोगका सचिव रहने ब्यवस्था गरेको छ।




*Source: National Planning Commission. (2021). Nepal's Roadmap for Peaceful, Just, and Inclusive Societies: A SDG 16 plus Report. Kathmandu, Nepal; National Planning Commission.*

दोश्रो, दिगो विकास लक्ष्यको कार्यान्वयन, समन्वय तथा अनुगमन समिति रहेको छ । उक्त समितिको अध्यक्षता राष्ट्रिय योजना आयोगको उपाध्यक्षले गर्ने व्यवस्था गरिएको छ । उक्त समितिमा, अर्थ व्यवस्था हेर्ने राष्ट्रिय योजना आयोगका सदस्य, अर्थ मन्त्रालयका सचिव, परराष्ट्र मन्त्रालयका सचिव, चेम्बर अफ कमर्श, उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघका अध्यक्षहरु रहने ब्यवस्था छ। आर्थिक ब्यवस्थापन विभागका सहसचिव यस समितिको सदस्य सचिव रहनु   हुनेछ।

उपरोक्त समितिहरुमा नागरिक समाज र अन्य सरोकारवालाहरुलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने भनिएको छ।

यसको अतिरिक्त सरकारले नौंवटा बिषयगत कार्यमुलक समितिहरु बनाउने ब्यवस्था गरेको छ। प्रत्येक कार्यमुलक समितिको संयोजकको रुपमा राष्ट्रिय योजना आयोगका सम्बन्धित सदस्य रहने ब्यवस्था गरिएको छ। समितिहरु यस बमोजिम छन्। यी बिषयगत समितिहरुमा सम्बन्धित मन्त्रालयहरु, निजी क्षेत्र नागरिक समाज र योजना आयोगका वरिष्ठ कर्मचारीहरु रहने ब्यवस्था गरिएको छ।

विषयगत कार्यमूलक समितिहरु क) आर्थिक विकास, ख) सामाजिक विकास, ग) दिगो उत्पादन र लैंगिक मूलप्रवाहीकरण, घ) उर्जा विकास र जलवायु परिवर्तन, ङ) भौतिक पूर्वाधार विकास, च) सुशासन ६) समन्वय र ज) अनुगमन तथा मूल्यांकन समिति रहेका छन्।

थप जानकारीका लागि : https://npc.gov.np/en

## पन्ध्रौं पञ्च वर्षीय योजना

पन्ध्रौं पञ्चवर्षीय योजनाले समृद्ध नेपाल, सुखी नेपालीको कल्पना गरेको छ । दिगो विकास लक्ष्यको कोही पनि पछि नपरुन् भन्ने सिद्धान्तलाई आत्मसात् गर्दै हरेक लक्ष्यहरुलाई समृद्धि र सुखका दीर्घकालीन राष्ट्रिय लक्ष्यसँग आवद्ध गरेर योजना निर्माण गरेको छ। जसलाई निम्न ढाँचामा हेर्न सकिन्छ।

| क्र.सं. | दीर्घकालीन राष्ट्रिय लक्ष्य | | दिगो विकासका लक्ष्य |
|---|---|---|---|
| १ | समृद्धि | सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता | ७, ९, ११ |
| २ | | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | ३, ४, ८ |
| ३ | | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | २, ७, ८, १२ |
| ४ | | उच्च र समतामूलक राष्ट्रिय आय | १, १० |
| ५ | सुख | परिष्कृत तथा मर्यादित जीवन | १,३, ४, ६, ८ |
| ६ | | सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | १, ५, १०, १६ |
| ७ | | स्वस्थ र सन्तुलित पर्यावरणीय पद्धति | १२, १३, १५ |
| ८ | | सुशासन | १६ |
| ९ | | सबल लोकतन्त्र | १६, १७ |
| १० | | राष्ट्रिय एकता, सुरक्षा र सम्मान | १६, १७ |

स्रोतः दिगो विकास लक्ष्यः स्थानीयकरण स्रोत पुस्तिका, पेज ४

## प्रादेशिक तह र दिगो विकास

७ वटै प्रदेशहरुमा नीति तथा योजना आयोगको व्यवस्था गरिएको छ। यी आयोगहरुले दिगो विकाससँगको आवद्धतालाई प्रस्तुत गरेका छन्। कतिपय प्रदेशमा दिगो विकास लक्ष्य कार्यान्वयनको स्पष्ट खाका बनि सकेको अवस्था समेत देखिँदैन। प्रदेश नं. १ ले आवधिक योजनाको नतिजा खाकामा दिगो विकास र राष्ट्रिय योजनाका दीर्घकालीन लक्ष्यका सूचकसँगको अन्तरसम्बन्ध स्थापिपत गरेको उल्लेख गरेको छ।[7]




नतिजा खाकामा दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकासका लक्ष्य र प्रादेशिक योजनाका उद्देश्य र रणनीतिसँग तर्कबद्ध खाकाको प्रभाव स्तरमा दीर्घकालीन राष्ट्रिय लक्ष्य "समृद्ध नेपाल सुखी नेपाली" का लक्ष्य सूचकहरूलाई आबद्ध गरिनुका साथै दिगो विकासको सम्बन्धित लक्ष्यसमेत अंकित गरिएको छ। प्रादेशिक योजनाको विषयक्षेत्रगत उद्देश्यहरूलाई असर तहमा र रणनीतिहरूलाई उपलब्धि तहमा संकेत गरिएको छ। वार्षिक लक्ष्य अंकित गर्दा प्रत्येक वर्षका लक्ष्यहरू समेत जोड गरी (Cumulative) राखिएको देखिन्छ।

[7] https://drive.google.com/file/d/1HVeUdEvwL5g9Rim8NpKPD2xWnnifvX5K/view

यसरी हेर्दा प्रदेश सरकारले समेत दिगो विकास लक्ष्यलाई आवधिक विकास योजनामा आवद्ध गरेर कार्यान्वयनमालान खोजेको देखिन्छ। मधेश प्रदेशले प्रादेशकि डाटा केन्द्रको अवधारणालाई अघि सारेको छ । जस अन्तर्गत नीति तथा योजना आयोग, अनुगमन तथा मूल्यांकन इकाई, स्थानीय सरकार, प्रादेशिक तथ्यांक संस्थाहरुसँगको अन्तरसम्बन्धबाट तथ्यांक केन्द्रको ढाँचा अघि बढाएको छ ।[8]

## स्थानीय तह र दिगो विकास विकास

दिगो विकासको स्थानीयकरण दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि महत्वपूर्ण विषय हो। यो कार्यका लागि सामाजिक संस्थाहरुले स्थानीय तहसँग निरन्तर सहकार्य गर्न सक्दछन्। नेपाल सरकारले दिगो विकास कार्यान्वयनका लागि बजेट र कार्यक्रमको सम्बन्ध केलाउने गरेको छ। दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका २०७७ ले स्थानीय तहलाई जिम्मेवार बनाउँदै कार्यान्वयन संयन्त्र समेत बनाएको छ। पालिकाका प्रमुख वा अध्यक्षको संयोजकत्व र उपप्रमुख वा उपाध्यक्षको उपसंयोजकत्वमा दिगो विकास कार्यान्वयन समितिको व्यवस्था गरिएको छ। समितिका सदस्यहरुमा प्रमुख प्रशासकीय अधिकृत, प्रमुख वा अध्यक्षले मनोनित गरेको निजी क्षेत्र र नागरिक समाजको कम्तिमा १ जना महिला सहित ३ जना सदस्य र योजना हेर्ने महाशाखा वा शाखा प्रमुखलाई सदस्य सचिवको जिम्मेवारी तोकिएको छ।

दिगो विकास लक्ष्य कार्यान्वयन समितिले स्थानीय आवधिक विकास योजना, क्षेत्रगत रणनीतिक योजनाहरू तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूलाई समाहित गराउने कार्य गर्दछ। स्थानीय तहमा संलग्न विकास साझेदारका वार्षिक कार्यक्रम तर्जुमा गर्दा स्थानीय आवधिक योजना अनुसार गराउने, दिगो विकास लक्ष्यको कार्यान्वयन र अनुगमनमा सबै सरोकारवालाहरूलाई संलग्न गराउन साझेदारीको अभिवृद्धि गर्ने कार्य गर्दछ। वार्षिक बजेट तथा विकास कार्यक्रमलाई दिगो विकास साङ्केतीकरणसहित बजेट वक्तव्य र बजेट पुस्तिकामा दिगो विकास लक्ष्य प्राप्तिमा विनियोजित बजेटको खण्डीकृत तथ्याङ्क प्रस्तुत गर्ने/गराउने कार्य समेत उक्त समितिले गर्नेछ। साथै स्थानीय तहमा दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन अवस्थाको समग्र प्रगति अनुगमन गर्ने, चौमासिक समीक्षा गर्ने राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगमा निर्धारित ढाँचामा नियमित प्रगति प्रतिवेदन पठाउन लगाउने कार्य गर्दछ। यसरी स्थानीय तह समेत दिगो विकास लक्ष्य हासिल गर्न क्रियाशील भूमिका निर्वाह गर्दछ। यो सांकेतिकरण पुस्तिकाले संविधानमा व्यवस्थित स्थानीय तहका अधिकारहरु र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा रहेका स्थानीय तहका काम कर्तव्य र अधिकारहरु तथा स्थानीय तहमा गरिनुपर्ने कामका सूचीहरुलाई

[8] *Source: https://www.undp.org/nepal/publications/sdg-baseline-report-province-2*

दिगो विकास लक्ष्यको ढाँचामा प्रस्तुत गरेको छ । जसलाई नागरिक संस्थाहरुले व्यवस्थित तरिकाले स्थानीय सरकारसँग सहकार्य गर्ने वातावरण तयार गरेको छ ।[9]

## राष्ट्रिय मानवअधिकार आयोग

राष्ट्रिय मानवअधिकार संस्थाहरुले दिगो विकास लक्ष्य तथा एजेण्डा २०३० को कार्यान्वयनमा योगदान कसरी गर्ने भन्ने बारेमा राष्ट्रिय मानवअधिकार संस्थाहरुको विश्वव्यापी सञ्जाल (गान्ह्री) को नेतृत्वमा मेक्सिकोको मेरिडामा भएको छलफलले भूमिकाहरु त्य गरेको छ । यस सम्मेलनले मानवअधिकारमुखी पद्धतिको अवलम्बनमा योगदान गर्ने, एकआपसमा दक्षता अभिवृद्धिको लागि अनुभव आदान प्रदान गर्ने र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । मेरिडा घोषणापत्रले मानव अधिकारको धारणा र दिगो विकासका लागि २०३० एजेण्डा एकअर्काका समपूरक ढाँचाका रूपमा रहेका भन्ने कुरालाई दाबी गरेको छ ।

संयुक्त राष्ट्र संघीय पेरिस सिद्धान्तमा रहेर दिगो विकास एजेण्डा २०३० को कार्यान्वयनका लागि निम्न अनुसारका कार्यहरु गर्नसक्ने घोषणा गरेको छ ।

- राष्ट्रिय/ स्थानीय सरकारलाई सुझाव दिन सक्ने,
- चेतना फैलाउने तथा छलफल र सहभागिताको प्रवर्द्धन गर्ने,
- कार्यान्वयनका लागि साझेदारको विकास तथा दिगो बनाउने कार्य गर्ने,
- राष्ट्रिय सूचकहरूको तय गर्ने,
- प्रगतिको अनुगमन तथा प्रतिवेदन पेश गर्ने,
- सरकारलाई जवाफदेही बनाउने,
- मानव अधिकारको उलङ्*घनमा अनु*सन्धान गर्ने,
- न्यायमा पँहुचको सुनिश्चितता गर्ने,

मानवअधिकार आयोगको भूमिकाले समेत दिगो विकास एजेण्डाको कार्यान्वयनमा सहयोगी भूमिका निर्वाह गर्न सक्दछ । आयोगले नेपालको सन्दर्भमा दिगो विकास लक्ष्यहरु र मानवअधिकार[10] भन्ने सन्दर्भमा पुस्तक मार्फत आयोगको भूमिका प्रष्ट पारेको छ ।

थप जानकारीका लागि : https://www.nhrcnepal.org/

[9] दिगो विकास लक्ष्यको सांकेतीकरण स्रोत प'स्तिका, २०७८ https://www.mofaga.gov.np › download-notice

[10] https://www.nhrcnepal.org/uploads/publication/Inner_SDG_Nepali_NHRC_Book_Final-compressed.pdf

## नेपाल दिगो विकास मञ्च

दिगो विकास एजेण्डा २०३० को कार्यान्वयनमा क्रियाशील नागरिक संगठनहरुले सन् २०१६ मा नेपाल दिगो विकास मञ्च (Nepal SDGs Forum) को स्थापना गरेका हुन् । दिगो विकास मञ्चको सचिवालय गैरसरकारी संस्था महासंघ नेपालमा रहेको छ। यस मञ्चको संयोजन तथा सचिवालयको जिम्मेवारी गैर सरकारी संस्था महासंघ नेपालले गर्दछ। यो मञ्च खुला र खुकुलो प्रकृतिको भएको हुँदा यसमा दिगो विकासमा योगदान दिनसक्ने संस्था, सञ्जालहरु, प्राज्ञिक व्यक्तित्वहरु, प्राविधिक, पेशाकर्मी, विशेषज्ञ समेत सहभागी हुन सक्दछन् । यो मञ्चका मुख्य विषयगत क्षेत्रहरु मुख्यतः १९ वटा (शिक्षा, स्वास्थ्य, वातावरण तथा जलवायू, कृषि, खाद्य सुरक्षा तथा पोषण, खानेपानी तथा सरसफाई, उर्जा, दिगो शहर, वन, जलश्रोत, जमीन, विपद् व्यवस्थापन, सुशासन, भ्रष्टाचार नियन्त्रण, न्यायमा पहुँच, मानवअधिकार, शान्ति, विकास लगानी, उपभोक्ता हित संरक्षण र लैंगिक न्याय) रहेका छन् । विभिन्न नागरिक संगठन तथा सञ्जालहरुले यस्ता लक्ष्य तथा विषयगत क्षेत्रहरुको नेतृत्व गर्छन् ।

यसले राष्ट्रिय तहमा नागरिक संस्थाहरुको प्रतिनिधित्व गर्दै Vonuntary National Review प्रकृयामा प्रतिनिधित्व गर्दछ। दिगो विकास सम्बन्धी सूचनाहरु, स्रोत सामग्रीहरु उपलब्ध गराउनका साथै दिगो विकास प्रकृयामा नागरिक संस्थाहरुको प्रतिनिधित्व र आवाजहरुलाई मुखरित गर्न पैरवी गर्ने गर्दछ। यस मञ्चमा नेपालमा कार्यरत नागरिक संस्थाहरुको उल्लेख्य सहभागिता रहेको छ । यसले अन्तर्राष्ट्रिय मञ्चहरुमा नेपालका नागरिक संस्थाहरुको प्रतिनिधिमूलक उपस्थिति जनाउनका साथै नागरिक क्षेत्रबाट भएका दिगो विकास लक्ष्यहरुसँग सम्बन्धित उपलब्धिहरुको समीक्षा गर्ने गर्दछ। स्वैच्छिक राष्ट्रिय समीक्षा गर्ने, हाइ लेवल पोलिटिकल फोरममा सहभागिता जनाउने र नेपालका सवालहरुलाई र सिकाइलाई अन्तर्राष्ट्रिय मञ्चसम्म पुऱ्याउन यसले कार्य गर्दछ। नागरिक क्षेत्रबाट अन्य संघसंस्थाहरुले स्वतन्त्र रुपमा समेत दिगो विकास लक्ष्य सम्बन्धी कार्यहरु गरिरहेका छन् । विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरु यस मञ्चको सल्लाहकारको भूमिका निर्वाह गर्दछन् र सहयोग गर्दछन् । यसैगरी, संयुक्त राष्ट्रसंघीय निकायहरु, सहकारी, निजी क्षेत्र आदिसँग सहकार्य गरिएको छ।

थप जानकारीका लागि : https://nepalsdgforum.org/

## निष्कर्ष : नागरिक संगठनहरु र दिगो विकास

दिगो विकास लक्ष्य हासिल गर्ने एउटा महत्वपूर्ण आधार भनेको बहुपक्षीय साझेदारी हो । दिगो विकास लक्ष्य १७ ले ज्ञान, विशेषज्ञता, प्रविधि र वित्तीय स्रोतहरूलाई परिचालन गरी बहुपक्षीय साझेदारी मार्फत सबै देशहरु, खासगरी विकासोन्मुख देशहरुमा दिगो विकास लक्ष्य प्राप्तिका लागि विश्वव्यापी साझेदारी वृद्धि गर्ने उद्देश्य लिएको छ । विगतका अनुभव र साझेदारीका विभिन्न रणनीतिहरुलाई अझ परिष्कृत गर्दै प्रभावकारी सार्वजनिक, निजी र नागरिक समाजको सहभागितालाई प्रोत्साहन र प्रवर्द्धन गर्ने लक्ष्य समेत लिइएको छ। दिगो विकास लक्ष्यको सूचक १७.१७ ले सार्वजनिक, निजी र नागरिक समाजलाई उत्तिकै महत्व दिएको छ। यसर्थ पनि क्षमता विकास, प्रविधिको प्रयोग गर्ने जस्ता विषयहरुमा नागरिक समाजले भूमिका निर्वाह गर्न सक्दछ।

यस हाते पुस्तिकामा नागरिक समाजले विश्वव्यापी साझेदारी गर्न सक्ने केही सम्भावनाहरु उजागर गरिएको छ। विश्वमा काम गर्ने संयुक्त राष्ट संघीय निकायहरु, विश्वव्यापी रुपमा काम गर्ने संस्थाहरु र राष्ट्रिय तहमा रहेका केही संरचनात्मक प्रावधान तथा दिगो विकासको स्थानीयकरण गर्ने सम्मका सूचनाहरु संक्षिप्त रुपमा राखिएको छ । जसले गर्दा यस पुस्तिकामा भएका सूचना र स्रोतको माध्यमबाट नागरिक संस्थाहरुले दिगो विकास लक्ष्य हासिल गर्ने क्रममा साझेदारको भूमिका निर्वाह गर्न सक्नेछन् ।

नागरिक संस्थाहरुले दिगो विकासको स्थानीयकरण गर्न अन्तर्राष्ट्रिय संस्थाहरुले निर्माण गरेका टुलकिटहरु, नेपाल सरकार र यस अन्तर्गतका इकाइहरुले विकसित गरेका निर्देशिका र नीतिहरुको आधारमा कार्य गर्न, स्रोत साझेदारी गर्न र दिगो विकास लक्ष्य हासिल गर्न साझेदारी गर्न सक्दछन् ।

**गैरसरकारी संस्था महासंघ नेपाल**

पो.ब.नं. ७७६८, बुद्धनगर, काठमाडौं

फोन : +९७७-१-४७९१३६८, ४७९२९०८, ४७९५५०८

E-mail : info@ngofederation.org

Website : www.ngofederation.org